# मल्लरानी गाउँपालिका

# मल्लरानी गाउँपालिकाको विनियोजन विधेयक, २०७६


**मल्लरानी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**स्वलंगा, प्यूठान**

**प्रदेश नं. ५**

website: www.mallaranimun.gov.np, Email.Id: ito.mallaranimun@gmail.com, Phone/Fax: 086-420180

# मल्लरानी गाउँपालिकाको विनियोजन ऐन, २०७६

मल्लरानी गाउँपालिका प्यूठानको आ.ब. २०७६।०७७ को सेवा र कार्यहरुको लागी स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावनाः** मल्लरानी गाउँपालिका प्यूठानको आ.ब. २०७६।०७७ को सेवा र कार्यहरुका लागी सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनिय भएकोले,
नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम मल्लरानी गाउँपालिका प्यूठानको गाउँसभाले यो ऐन बनयको छ ।
१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम मल्लरानी गाउँपालिकाको विनियोजन ऐन २०७६ रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः
(१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाउँ कार्यपालिका वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनसुची १ मा उल्लिखित चालु खर्च, पुँजिगत खर्च र विभिन्न वडा गत तथ गाउँपालिका स्तरीय योजना र वित्तिय व्यवस्थापनको रकम समेत गरि जम्मा रकम रु. ३४९३१८६६१/– (अक्षरुपी चौतिस करोड त्रियानब्बे लाख अठार हजार छ सय एकसठ्ठि रुपैया मात्र ) र संचित कोषमा प्राप्त हुन आउने अन्य रकम समेत निर्दिष्ट गरिए बमोजिम सञ्चित कोष बाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः
(१) यस ऐन द्रारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त मल्लरानी गाउँपालिका प्यूठानको गाउँ कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनी कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्य कुनैमा नपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षक बाट नपुग हुने शिर्षकमा रकमान्तर गर्न सक्नेछ, यसरि रकमान्तर गर्दा एक शिर्षकबाट बढिमा १५ प्रतिशत मा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढि शिर्षकमा रकमान्तर गरि निकाशा र खर्च जनाउन सकिनेछ । वित्तिय व्यवस्थापन तर्फ विनियोजिन रकम साँवा भुक्तनी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य खर्च शिर्षक तर्फ रकमान्तर गर्न पाईनेछैन तर चालु तथा पुँजिगत खर्च वित्तिय व्यवस्थापनको खर्च ब्यहोर्न एक श्रोत बाट अर्को श्रोतमा रकमान्तर गर्न सकिनेछ ।
(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकबाट जम्मा स्विकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरि कुनै एक वा एकभन्दा बढि शिर्षका रकमान्तर गर्नु परेमा गाउँ सभाको स्विकृती लिनु पर्नेछ ।

**अनुसूची १**

दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| शिर्षकको नाम | चालु खर्च | पुँजितग खर्च | जम्मा |
|---|---|---|---|
| चालु खर्चः | | | ७४३६०००० |
| पूँजिगतः | | | ४६००००० |
| ग) सामाजिक सूरक्षा भत्ता | | | ३२०००००० |
| जम्मा वडा गत योजनाहरु | | | २८५००००० |
| जम्मा गा.पा स्तरीय योजना तथा कार्यक्रम | | | ३३५५८६६१ |
| अध्यक्ष विषेश कार्यक्रम | | | २५००००० |
| समपूरक अनुदान गा.पा | | | २५०००००० |
| विषेश अनुदान गा.पा | | | ६०००००० |
| समपूरक अनुदान प्रदेश | | | १५०००००० |
| विषेश अनुदान प्रदेश | | | ५२००००० |
| सशर्त संघिय सरकार | | | ११४६००००० |
| सशर्त प्रदेश सरकार | | | ८०००००० |
| जम्मा | | | ३४९३१८६६१ |